**Ref No: 140/ CAP/GTK/SK/23** **Dated: 25th August 2023**

## प्रेस विज्ञप्ति

सिटिजन एक्सन पार्टी - सिक्किमको बड्दो जनसमर्थन र लोकप्रियतालाई पचाउन नसकेर वर्तमान एसकेएम सरकारले कानुनको धज्जी उडाएर आफ्नो जनविरोधी चरित्र आफैं उदाङ्गो पारेको छ। जति जति सिटिजन एक्सन पार्टी राज्यमा विस्तार हुँदै गयो त्यति पूर्व र वर्तमान सरकारका भ्रष्टाचार र अनियमितताका गुत्थीहरु खोलिन थाले, त्यति त्यति सरकार हड्बडाएको छ । अफवाह र झुटको सहारामा सत्तामा चडेको एसकेएम सरकारले जनताले बाँच्न पाउने आफ्नो जन्मसिद्ध अधिकारमा समेत लगाम लगाउने जुन असफल प्रयास गरिरहेको छ, त्यसले स्पष्ट गर्छ कि एसकेएम सरकारको नैतिकता समाप्त भईसकेको छ। सरकारको यस्तो अनैतिक कार्यको सिटिजन एक्सन पार्टी घोर भत्सर्ना र निन्दा गर्दछ।

सिटिजन एक्सन पार्टीको बड्दो रफ्तारलाई रोक्न पार्टी प्रमुख समन्वयक श्री गणेश राईलाई झुटा मुद्दामा फसाउने जुन किसिमको असफल प्रयास गरिरहेको छ यो सरकारको लाचारीपन बाहेक अरु केही होइन । किनभने सहकारी संस्थाको तर्फबाट भएको ऋणको लेनदेन संस्थाको मेनेजर र बैंक बीचमा हुन्छ । यहाँ गणेश राई न त मेनेजर हुन् न त बैंक। उनी त धेरै बर्ष अघि त्यो सहकारी संस्थाको अध्यक्ष मात्र थिए। तर स्थानीय मल्लीवासी केही मानिसहरुलाई डर, त्रास र लोभमा फसाएर एफआईआर गराएर सिटिजन एक्सन पार्टीको वेग र रफ्तारलाई रोक्न खोज्नु भनेको सुर्यलाई हत्केलाले छेक्ने प्रयास गर्नु जस्तै हो। गणेश राईलाई झुटा मुद्दामा फसाउने चेष्टा गरेर एसकेएम सरकारले आफ्नो नाकारा चरित्र र पराजित मानसिकताको विज्ञापन गरिरहेको सिटिजन एक्सन पार्टी ठहर गर्दछ।

पटकपटक मल्ली थानामा गणेश राईलाई बोलाएर केरकार गर्ने प्रक्रिया वितेका धेरै दिनदेखि भईरहेको छ। त्यसको नतिजा के हो ? अहिलेसम्म बाहिर आउन सकेको छैन। यदि एसकेएम सरकार सक्छ भने

सिक्किममा भएका अनेकौं यस्ता काण्डहरु छन् जो न्याय नपाएर गुम्सिरहेका छन्, जस्तै पदम गुरुङको रहस्यमय मृत्यु, राज्यमा भएको व्यापक भ्रष्टाचार जस्ता न्याय खोजिरहेका काण्डहरुको छानबिन गर्न यथाशिघ्र केन्द्रीय जाँच आयोग (**CBI** ) लाई राज्यमा भित्र्याएर देखाउन सिटिजन एक्सन पार्टी ठाडो चुनौती दिदछ। नत्र आफै भ्रष्टाचारमा डुबेको एसकेएम सरकारले आफ्नो कमजोरी छोप्न र आफ्नो डर र अपराध लुकाउन कानुनको दुरुपयोग नगरोस् भन्ने सुझाव पनि सिटिजन एक्सन पार्टी - सिक्किम यसै विज्ञप्ति मार्फत राख्दछ।

सिटिजन एक्सन पार्टी- सिक्किम लाखौं लाख जनताले जन्माएर हुर्काउँदै गरेको पार्टी हो। यो जनताको प्रिय पार्टी हो। यो पार्टीका नेताहरु सिक्किमे श्रमजीवी जनताका छोराछोरीहरु हिजो र आजको सरकारहरुले संस्थागत गरेको भ्रष्ट राजनैतिक संस्कृतिलाई सुधार्न र सही अर्थमा प्रजातन्त्रलाई संस्थागत गर्न जोडिएको सङ्घठीत शक्ति हो। यो जनताको विश्वास र आस्थाको केन्द्र हो। त्यसकारण जनताको आस्थाको केन्द्र र विश्वासलाई कुल्चिने प्रयास नगर्ने सदबुद्धि सरकारलाई होस् भन्ने कामना सिटिजन एक्सन पार्टी गर्दछ।

**बीना शर्मा**

**प्रवक्ता**

**सिटिजन एक्सन पार्टी - सिक्किम।**